पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो .ब. नं. : ३९८७
सिंहदरवार, काठमाण्डौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरवार, काठमाडौं

त्र संख्या :-
लानी नं.:
ाप्त पत्र संख्या र मिति :-

विज्ञप्ति

- United Nations Framework Convention on Climate Change को 28th Conference of the Parties (COP28) यही २०८० मंसिर १४ देखि २७, तदनुसार ३० नोभेम्बर देखि १३ डिसेम्बर २०२३ सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न भएको छ । COP28 को क्रममा संयुक्त अरब इमिरेट्सबाट २०८० मंसिर १५ देखि १६ (२०२३ डिसेम्बर १ देखि २) सम्म आयोजित World Climate Action Summit मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूबाट भएको थियो ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट COP28 को औपचारिक उद्घाटन समारोहमा सरिक भई World Climate Action Summit मा National Statement दिनु भएको थियो तथा आयोजना स्थलमा रहेको Nepal Pavilion को अवलोकन गरी COP28 मा सक्रिय रुपमा सहभागी हुन नेपाली प्रतिनिधि मण्डललाई निर्देशन समेत दिनुभएको थियो ।
- सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूबाट High-Level Global Stocktake Leaders' Event on Adaptation विषयक छलफल कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो, साथै नेपालले आयोजना गरेको High-Level Roundtable on Call of the Mountains: Who Saves us from the Climate Crisis? को अध्यक्षता गर्दै जलवायु परिवर्तनले नेपाल जस्ता हिमाली मुलुकहरूमा पारेको प्रतिकूल प्रभावको न्यूनीकरण गर्न तत्काल पहल गर्न आवश्यक रहेको विषयमा जोड दिनुभएको थियो । उक्त अवसरमा संयुक्त राष्ट्रसंघका महासचिवज्यूले प्रमुख अतिथिको रुपमा नेपाल र पर्वतीय मुलुकहरुमा परेको असर बारेमा २८ औं सम्मेलनमा वृहत् छलफलका लागि आह्वान गर्नु भएको थियो । सोहि अवसरमा एण्डोराका प्रधानमन्त्री, किर्गिजस्तानका विदेश मन्त्री, भुटान सरकारका सचिव तथा FAO, UNDP र Climate Analytics का प्रतिनिधिहरुले समेत पर्वतीय क्षेत्र तथा समुदायले भोगिरहेका समस्या र सोको समाधानका वारेमा एकताकासाथ काम गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।
- World Climate Action Summit को कार्यक्रम सम्पन्न गरी सम्माननीय प्रधानमन्त्रीज्यू डिसेम्बर ३ मा नेपाल फर्किए पश्चात COP28 मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री डा. बिरेन्द्र प्रसाद महतोज्यूले गर्नु भएको थियो । उहाँले एसियाली विकास बैंकद्वारा आयोजित मन्त्रिस्तरीय कार्यक्रमलाई सम्बोधन गर्नुका साथै नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरुद्वारा आयोजित Melamchi Disaster Damage Assessment Report Launching; Nepal's Mitigation Efforts: Road to Net Zero; Scaling up Investment in Adaptation: Building Blocks of Climate Ambition, People, Nature and Action र Locally led Adaptation Practice in Nepal लगायतका कार्यक्रममा सहभागी भई सम्बोधन गर्नु भएको थियो ।
- COP28 का क्रममा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका माननीय मन्त्री श्री शक्ति बहादुर बस्नेतज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका माननीय मन्त्री श्री मोहन बहादुर बस्नेतज्यू र शहरी विकास मन्त्रालयका माननीय मन्त्री श्री सिता गुरुङज्यू, विभिन्न सम्बन्धित कार्यक्रमहरुमा सहभागी भई सम्बोधन समेत गर्नु भएको थियो ।
- COP28 को अवसरमा आयोजित विभिन्न कार्यक्रम तथा छलफल र वार्ता प्रक्रियाहरुमा माननीय सांसदज्यू, राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यू, नेपाल सरकारका सचिवज्यू, स्थानीय तहका जनप्रतिनिधिज्यू, उच्च पदस्थ अधिकृतज्यू लगायत नेपाली प्रतिनिधिमण्डलका सम्पूर्ण सदस्यज्यूहरुको सक्रिय सहभागिता रहेको थियो ।

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो .ब. नं. : ३९८७
सिहंदरवार, काठमाण्डौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

ंख्या :-
ी नं.:
पत्र संख्या र मिति :-

- COP28 मा नेपाल लगायत समान परिवेश भएका विभिन्न राष्ट्रहरुको पहलमा mountain र loss and damage विषयमा नेपालका लागि देहायका उपयोगी निर्णयहरु भएका छन् ।
  - First Global stocktake को outcome decision को प्रस्तावनामा forests, mountains र cryosphere लगायतका सबै ecosystem को integrity लाई महत्व दिएइको र mountain ecosystem को संरक्षण तथा व्यवस्थापन गर्दै जलवायु परिवर्तनको जोखिम र प्रभाव कम गर्न अनुकूलनमा जोड दिई पर्वतीय क्षेत्रको समस्यालाई जलवायु सम्मेलनको निर्णय दस्तावेजमा समावेश गरिएको छ । त्यसैगरि Subsidiary Body on Scientific and Technological Advice लाई June २०२४ मा Expert dialogue on mountains and climate change आयोजन गर्न अनुरोध गरिएको छ।
  - Loss and Damage Fund को घोषणा भई Governing Instrument of the Fund समेत स्वीकृत भएको छ र यसमा विभिन्न राष्ट्रहरुले हालसम्म ७०० मिलियन अमेरिकी डलर भन्दा बढी रकम जम्मा गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका छन ।
  - Global goal on adaptation अन्तर्गत mountain र अन्य ecosystem को संरक्षण र व्यवस्थापन गर्दै ecosystem based adaptation र nature based solution को प्रयोगलाई बढावा दिने र इकोसिस्टम र जैविक विविधतामा जलवायु परिवर्तनको प्रभावलाई घटाउने लक्ष्य लिइएको छ।
- आयोजनास्थलमा रहेको नेपाल प्याभेलियनमा डिसेम्बर ३ देखि ११ सम्म जलवायु परिवर्तन सम्बन्धी विभिन्न विषयमा ३८ वटा कार्यक्रमहरु आयोजना गरी नेपालमा जलवायु परिवर्तनका असर र प्रभावहरु, नेपालले गरेका प्रयासहरु, असल अभ्यासहरुको प्रस्तुतीको साथै नेपालको आवश्यकता र प्राथमिकताहरु माथि छलफल गरिएको थियो ।
- नेपालले COP28 का क्रममा Green Climate Fund, World Bank, Climate Investment Fund, USAID, UNDP, NDC Partnership, UNEP, Swedish Energy Agency, Global Environment Facility, Adaptation Fund आदि निकायहरुसंग बैठक गरि जलवायु वित्तमा पहुँच तथा नविन अवसरहरुको खोजी र परियोजना परिचालन सम्बन्धी विषयहरुमा छलफल गरिएको थियो ।
- COP28 मा नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा संघीय संसद, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्थानीय तह लगायत सरकारी निकायका अतिरिक्त विज्ञ, नागरिक समाज, निजी क्षेत्र, संचार माध्यम तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरु गरी २०० जना भन्दा बढिको सहभागिता रहेको थियो ।
- COP28 मा नेपालको सहभागिता तथा उपस्थितिलाई प्रभावकारी बनाउन योगदान पुर्याउने संघ संस्था तथा सम्पूर्ण महानुभावहरुमा वन तथा वातावरण मन्त्रालय हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

८०/०८/०९

(बद्रिराज ढुंगाना)
सहसचिव एवम् प्रवक्ता